स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यस वर्षको पहिलो सुपरहिट फिल्म “ऊनको स्वीटर”ले प्रदर्शनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । गत बैशाख २८ गतेबाट प्रदर्शनमा आएको यो फिल्मले शनिबार ५१ दिनको यात्रा पूरा गरेको हो । फिल्मले देशभरका ३० बढी हलमा ५१ औं दिन मनाएको निर्माण कम्पनी आर्टमाण्डूले जनाएको छ । यो अवधिसम्म फिल्मले बक्स अफिसमा ११ करोड ८० लाखमाथिको व्यापार गरेको छ ।

आजको विचार...



रिसव गौतम

कृषिमा... (दुई पेजमा)

कृषा चौलागाईंको निर्देशनमा बन्न लागेको फिल्म “जहाजैमा”मा श्रृंखलाबद्ध रुपमा कलाकारहरुको प्रवेश भइरहेको छ । केही दिनअघि हास्य कलाकार केदार घिमिरे (माग्ने बुढा) र जापानी अभिनेत्री रजेल इचिमियालाई अनुबन्धित गरिएको फिल्ममा अब सौगात मल्ल भित्रिएका छन् । गत शुक्रबार उनीसँग निर्माता उज्जवल गुरागाईंले कागजी सम्झौता गरेका हुन् । सौगातले यसअघि कृषाको निर्देशन बनेको फिल्म “पिताम्बर”मा काम गरिसकेका छन् ।



❐ वर्ष ३० ❐अंक ३३५ ❐ २०८२ असार १६ गते सोमबार 30 June 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मन्दिरमा भागदौड हुँदा तीनको मृत्यु

(रासस/एएफपी)

**भुवनेश्वर, भारत,** असार १५/भारतको तटीय राज्य उडिसामा आइतबार एक हिन्दू धर्मावलम्बीको चाडमा अचानक भीड बढेपछि भागदौड मच्चिँदा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै कैयौँ घाइते भएका स्थानीय सरकारी अधिकारीहरूले बताएका छन् ।

हिन्दू धर्मावलम्बीको रथ महोत्सवका अवसरमा पुरी शहरको गुन्डिचा मन्दिर नजिकै हजारौं भक्तजनको भीड लागेको थियो । जिल्ला प्रशासनका अधिकारी सिद्धार्थ स्वैनले भने, “मन्दिरमा एक्कासी भीड बढ्दा आवागमनमा समस्या भएको र पेलापेल र भागदौडपछि नौ जना भक्तजनलाई श्वासप्रश्वासमा समस्या भएपछि अस्पताल लगिएको थियो । तीन जनाको मृत्यु भएको छ भने अन्यको अवस्था स्थिर छ ।” स्थानीय सञ्चार माध्यमका अनुसार महोत्सवमा जाने अन्य थुप्रै व्यक्ति घाइते भएका बताएका छन् भने यसबारे सरकारी अधिकारीहरूले तत्काल पुष्टि गर्न सकेका छैनन् । उडिसाका मुख्यमन्त्री मोहनचरण माझीले भक्तजनको अत्यधिक भीडका कारण यो दुःखद घटना भएको बताएका छन् ।

## स्वास्थ्य सम्बन्धी पैरवी

# स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकता दिन मिडियाकर्मीलाई आग्रह

**कृष्ण पोखरेल**

**पाल्पा, असार १५**/तानसेनमा मिडियाकर्मीका लागि स्वास्थ्य प्रवर्द्धन सेवा सम्बन्धी पैरवी कार्यक्रम भएको छ । स्वास्थ्य कार्यालय पाल्पाको आयोजनामा मिडियाकर्मीलाई स्वास्थ्य प्रवर्द्धन सम्बन्धी जानकारी गराउने उद्देश्यले पैरवी कार्यक्रम गरिएको हो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय पाल्पाका निमित्त कार्यालय प्रमुख टुक प्रसाद पोखरेलले कार्यक्रमको सहजीकरण गरेका थिए । उनले स्वास्थ्य प्रवर्द्धन सेवालाई प्राथमिकता दिन मिडियाकर्मीलाई आग्रह गरे । मिडियाकर्मीले प्रचारात्मक सेवालाई मात्र जोड दिँदै आएको भए पनि अब स्वास्थ्य प्रवर्द्धन सेवालाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए । मिडियाकर्मीमार्फत उपलब्ध स्वास्थ्य सेवाबारे आम नागरिक्लाई सत्यतथ्य सूचना सम्प्रेषण गरी स्वास्थ्य प्रवर्द्धन सेवामा सहयोग गरिदिन पाल्पाली मिडियाहरुलाई प्रमुख पोखरेले आग्रह गरे । उनले शारीरिक, मानसिक, भावानात्मक तथा सामाजिकरुपमा स्वस्थ भएमात्र मानिस स्वस्थ हुने बताउदै अहिलेसम्म उपचरात्मक सेवालाई जोड दिँदै आइएको भएपनि अब भने स्वास्थ्य प्रवर्द्धन सेवालाई समेत प्राथमिकता दिनुपर्ने बताए । प्रमुख पोखरेलले अस्वस्थ जीवनशैलीका कारण मानिसहरु नसर्ने रोगको भागिदार भैरहेको



बताए । उनले भने “रोग लागेपछि उपचार खोज्दै अस्पताल पुग्ने र औषधि खानुपर्ने अवस्था आउन नदिन स्वास्थ्य सचेतनामा आम नागरिकलाई सचेत गराउनु अहिलेको आवश्यकता हो, त्यसका लागि मिडियाकर्मीको भूमिका महत्वपूर्ण रहन्छ ।” आफ्नो स्वास्थ्य कस्तो बनाउने भन्ने कुरा ८० प्रतिशत भूमिका स्वयंकै हुने भन्दै रोग लाग्नै नदिने गरी आनीबानीको विकास र शारीरिक तन्दुरुस्तीमा ध्यान दिनुपर्नेमा उनले जोड दिए । उनले नागरिकहरुले आफ्नो जीवनशैलीलाई परिवर्तन गर्न जरुरी रहेको बताए । पोखरेलले भने “सुगर, प्रेसर लगायतका थुप्रै दीर्घरोग कम उमेरका मानिसहरुमा पनि देखिन थालेको छ, शुद्ध खानपान, उचित आनीबानी, शारीरिक व्यायाम, स्वस्थ वातावरण निर्माणसहितको जीवन शैली अपनाउनु पर्छ, नागरिकहरुलाई रोगबाट जोगिन स्वास्थ्य प्रवर्द्धनका उपायबारे सचेत गराउन मिडियाकर्मीलाई आग्रह गर्छु ।” विगतको तुलना स्वास्थ्यका सूचकहरुमा धेरै सुधार भए पनि, नयाँ-नयाँ प्रकृतिका रोगहरुले झन् ठूला ठूला समस्या तथा आर्थिक व्यभार बढाएको प्रमुख पोखरेलले बताए । उनले व्यक्तिगत, आनिवानी, व्यवहार सुधार गरे स्वास्थ्यका समस्याहरुमा कमी आउने उल्लेख गरे । उनले भने “१० बर्ष अघि सम्म झाडा पखालाको प्रकोप निकै बढी थियो, अहिले घर-घरमा शौचालय र खानेपानी उपलब्ध भएपछि झाडापखाल रोगको महामारीमा निकै कमी आएको छ, परिवार स्वास्थ्यमा निकै राम्रा काम भएका छन्, अहिले धेरै स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुने गरेका छन्, १३ प्रकारका खोपको नियमितताको कारण आमा र बच्चाको मृत्युदर निकै घटेको छ, २ वच्चा भन्दा बढी बच्चा जन्माउने प्रचलनको लगभग अन्त्य नै भएको छ, एचआईभी सक्रमितहरुको जीवन सुनिश्चिता भएका जस्ता सूचकले स्वास्थ्यमा गरेको लगानी, व्यक्ति समाज, परिवार र राष्ट्रलाई धनी बनाउने काम भएको छ ।” जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले नागरिकहरुको स्वास्थ्य तथा सचेतनाको विषयमा जानकारी गराएको भए पनि ध्यान नदिदा स्वास्थ्यमा गम्भिर असर परेको प्रमुख पोखरेलको भनाई छ । समग्र स्वास्थ्यमा सुधार गर्न ३ वटै सरकार, संघ र प्रदेशका विषयगत कार्यालयहरुबिच साझा अवधारणा बनाएर स्वास्थ्य नीति निर्माण गर्नुपर्ने अहिले आवश्यकता देखिएको प्रमुख पोखरेलले बताए । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले समग्र स्वास्थ्य सूचक बृद्धि हुनुमा पत्रकारहरुको भूमिका महत्वपूर्ण रहेको बताए । राज्यले स्वास्थ्यमा गरेको लगानीलाई आमजनताको घरदैलोमा पुर्‍याउने, सचेतना फैलाउने काम पत्रकारहरुको भएकाले पाल्पाली पत्रकारहरुले पनि सोही अनुसारको जिम्मेवारी इमान्दारितापुर्वक पालना गर्दै आएको अध्यक्ष तिमिल्सेनाले बताए । स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुक प्रसाद पोखरेलको अध्यक्षता, ल्याव टक्नीसियन अधिकृत मधुसुदन भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# किसान महासंघले मनायो धान दिवस

**पाल्पा, असार १५**/नेपाली काँग्रेसको भातृ संस्था नेपाल किसान महासंघ पाल्पाले असार १५ अर्थात् धान दिवस मनाएको छ । महासंघले जिल्लाको रिब्दीकोट गाउँपालिका- २ दम्मक भर्देवा रोपाइँ गरेर आइतबार धान दिवस मनाइएको हो । किसानसँगै नेताहरुले खेतमा खुसीयाली साट्दै रोपाइँ गरेका थिए । धान दिवसको अवसरमा खेताला तथा सहभागीहरुलाई दही चिउरा, पुवा अचार खुवाएर अतिथी सत्कार गरिएको थियो ।

रोपाइँ कार्यक्रमको नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, लुम्बिनी प्रदेश सांसद तथा काँग्रेस पाल्पाका निवर्तमान सभापति बिरबहादुर राना, नेपाली कांग्रेस पाल्पाका उपसभापति झपेन्द्र गैरे, काँग्रेस पाल्पा क्षेत्र नं.१ का क्षेत्रीय सभापति झमनबहादुर राजमगर, महाधिवेशन प्रतिनिधि यमलाल तिमिल्सिना, काँग्रेसका वरिष्ठ नेता माधव नेपाल, किसान महासंघ संघ पाल्पा सभापति जगन्नाथ अर्याल लगायतका नेताहरुले खेतमा धान रोपेका थिए । धान रोप्दै काँग्रेस जिल्ला सभापति श्रेष्ठले रोपाइँमा जनशक्ति र यान्त्रिकीकरणबीचको समन्वयकारी भूमिकाबाट कृषि उब्जनी बढाउन सरकारले प्राथमिकता दिनुपर्ने बताए । ‘नयाँ प्रविधिको प्रयोगमा किसानलाई जोड्नुपर्छ’, उनले भने, ‘जनशक्ति घट्दा खेतीयोग्य भूमि बाँझै छन् । यन्त्रको सहयोगले बढीभन्दा बढी भूमिमा खेती गरेर उत्पादकत्व बढाउन लाग्नुपर्छ ।’ लुम्बिनी प्रदेश सांसद विरबहादुर रानाले बीउ, मल, सिँचाइ र उत्पादित कृषि उब्जनीको बजारीकरणमा प्रदेश सरकारले ध्यान दिने बताए । उनले प्रदेश सरकारले कृषिलाई प्राथमिकता दिएर काम गरेको भन्दै जबसम्म किसान आर्थिक रुपमा सक्षम हुँदैनन् तब सम्म देशको आर्थिक वृद्धि हुन सक्दैन भन्ने कुरा आत्मसाथ गरिएको उल्लेख गरे । स्थानीय नेता क्याप्टेन अमरबहादुर थापाको खेतमा धान रोपिएको काँग्रेस उपसभापति झपेन्द्र गहिरेले बताए । पछिल्लो समय आधुनिक प्रयोगका कारण हल गोरु विस्थापित हुँदै गएको अवस्थामा गोरुको प्रयोग गरी धान रोपिएको उनको भनाई छ । धान रोप्ने रोपाराहरु निकै उत्साहका साथ खेतमा धान रोप्न व्यस्त थिए । उनीहरु किसान महासंघ र काँग्रेस नेताहरुसँगै धान रोप्न पाउँदा निकै खुसी देखिन्थे ।

# एसईईमा पाल्पाका संस्थागत विद्यालयको नतिजा अब्बल

## ९० प्रतिशत विद्यार्थी उर्त्तिण

**सीमा भट्टराई**

**पाल्पा, असार १५**/यस वर्षको एसईईमा पाल्पाका संस्थागत विद्यालयको नतिजा अब्बल आएको छ । राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार प्रकाशित गरेको नतिजा अनुसार गत वर्षको तुलनामा यहाँका संस्थागत विद्यालयहरुको नतिजामा अब्बल देखिएको हो ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) पाल्पामा आवद्ध जिल्लाका १८ वटा विद्यालयका ९० प्रतिशत विद्यार्थी उर्तिण भएका छन् । गत वर्षको तुलनामा यस वर्ष संस्थागत विद्यालयको नतिजामा अब्बल देखिएको प्याब्सनका जिल्ला अध्यक्ष डाँसुराम पन्तले बताए । उनले भने “हामीले शैक्षिक गुणस्तरमा वृद्धि गर्दै लगेका छौं, जसको परिणाम अहिलेको नतिजामा देखिएको हो ।” पहिले भाषाका विषयहरुमा विद्यार्थी कमजोर थिए, उनीहरुको मनोभावना बुझेर अहिले संस्थागत विद्यालयहरुले प्राथमिकता दिएर पठन-पाठन गराउँदै आएकाले पनि नतिजा अब्बल देखिएको उनको भनाई छ । यहाँका १८ वटा संस्थागत विद्यालयका ४ सय ७१ विद्यार्थी मध्ये ४ सय २४ विद्यार्थी उर्त्तिण भएका प्याब्सनका जिल्ला सचिव गंगाबहादुर खत्रीले बताए । उनका अनुसार न्यू होराईजन माध्यमिक विद्यालयबाट तीन जनाले चार जिपिए

**SEE Results of PABSON Member Schools**

**Palpa**

| S.N | School Name | Participants | Passed | Highest | 4 GPA | 3.60 - 4 GPA | 3.2 – 3.6 GPA | 2.8 – 3.2 GPA | 2.4 – 2.8 GPA | 2.0 – 2.4 GPA | 1.6 – 2.0 GPA | Percent |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A.N.V | 24 | 22 | 3.91 | 0 | 6 | 10 | 4 | 2 | 0 | 0 | 91.67 |
| 2 | Bethel English Boarding Secondary School | 63 | 55 | 3.96 | 0 | 10 | 23 | 17 | 5 | 0 | 0 | 87.3 |
| 3 | Bhu.Pu.Sainik Rising English Secondary School | 31 | 22 | 3.89 | 0 | 6 | 5 | 8 | 3 | 0 | 0 | 70.97 |
| 4 | Biju English Boarding Secondary School | 9 | 7 | 3.7 | 0 | 1 | 2 | 4 | 0 | 0 | 0 | 77.78 |
| 5 | Mount Valley English School | 9 | 9 | 3.47 | 0 | 0 | 7 | 2 | 0 | 0 | 0 | 100 |
| 6 | New Horizon English Boarding School | 83 | 76 | 4 | 3 | 27 | 31 | 13 | 2 | 0 | 0 | 91.57 |
| 7 | Palpa Awasiya Sec. School | 30 | 27 | 3.95 | 0 | 4 | 14 | 7 | 2 | 0 | 0 | 90 |
| 8 | Palpa Bhupu Sainik School | 3 | 2 | 3.08 | 0 | | | 2 | | 0 | 0 | 66.67 |
| 9 | Palpa Paragon English Boarding School | 16 | 15 | 3.9 | 0 | 4 | 6 | 4 | 1 | 0 | 0 | 93.75 |
| 10 | Polestar Wisdom Secondary School | 36 | 34 | 3.98 | 0 | 18 | 14 | 1 | 1 | 0 | 0 | 94.44 |
| 11 | Prashanti Children Academy | 5 | 5 | 3.48 | 0 | 0 | 4 | 1 | | 0 | 0 | 100 |
| 12 | Rampur English Boarding School | 48 | 44 | 3.95 | 0 | 16 | 12 | 10 | 6 | 0 | 0 | 95.65 |
| 13 | Rajghara English Boarding School | 8 | 8 | 3.75 | 0 | 2 | 2 | 2 | 0 | 0 | 0 | 100 |
| 14 | River Valley English Secondary | 10 | 9 | 3.93 | 0 | 3 | 2 | 4 | | 0 | 0 | 90 |
| 15 | St. Capitanio School | 75 | 68 | 3.81 | 0 | 12 | 40 | 16 | | 0 | 0 | 90.67 |
| 16 | Sunrise English Boarding Secondary School | 9 | 7 | 3.8 | 0 | 2 | 4 | 1 | 0 | 0 | 0 | 77.78 |
| 17 | Sunrise Public Secondary School | 10 | 10 | 3.81 | 0 | 2 | 5 | 3 | | 0 | 0 | 100 |
| 18 | V.S Academy | 4 | 4 | 3.31 | 0 | 0 | 4 | | 0 | 0 | 0 | 100 |
| | Total | 471 | 424 | 4 | 3 | 113 | 185 | 99 | 22 | 0 | 0 | 89.9 |

ल्याएका छन् । जुन संस्थागत विद्यालय मध्येको उत्कृष्ट नतिजा हो ।

यहाँको आनन्द निकेतन विद्याश्रमबाट परीक्षा दिएका २४ विद्यार्थी मध्ये २२ जना विद्यार्थी उर्त्तिण भएका छन् । यस्तै बेथल इङ्ग्लिस बोर्डिङ् सेकेण्डरी स्कूलबाट परीक्षा दिएका ६३ जना विद्यार्थी मध्ये ५५ जना, भुपु सैनिक राइजिङ इङ्ग्लिस सेकेण्डरी स्कूलबाट परीक्षा दिएका ३१ जना मध्ये २२ जना, विजु इङ्ग्लिस बोर्डिङ् सेकेण्डरी स्कूलबाट परीक्षा दिएका ९ जना मध्ये ७ जना, माउन्टभ्याली इङ्ग्लिस स्कूलबाट ९ जना मध्ये ९ जना नै उर्त्तिण भएका छन् । यस्तै न्यू होराईजन माध्यमिक विद्यालयबाट ८३ जनाले परीक्षा दिएकोमा ७६ जना, पाल्पा आवासीय सेकेण्डरी स्कूलबाट ३० जनाले दिएकोमा २७ जना, पाल्पा भूपु सैनिक स्कूलबाट ३ जना मध्येबाट २ जना, पाल्पा प्यारागन इङ्ग्लिस बोर्डिङ स्कूलबाट १६ जना मध्येबाट १५ जना, पोलिस्टार विज्डम सेकेण्डरी स्कुलबाट ३६ जना विद्यार्थी मध्येबाट ३४ जना, प्रसान्ती चिल्डेन ऐकडेमीबाट ५ जना मध्ये ५ जना नै उर्त्तिण भएको प्याब्सन पाल्पाले जनाएको छ । यस्तै रामपुर इङ्ग्लिस बोर्डिङ् स्कुलबाट ४६ जनाले परीक्षा दिएकोमा ४४ जना, रजघरा इङ्ग्लिस बोर्डिङ स्कूलबाट ८ जनाले दिएकोमा ८ जना नै, रिभरभ्याली इङ्ग्लिस सेकेण्डरी स्कूलबाट १० जना मध्येबाट ९ जना, सेन कपितानियो स्कूलबाट ७५ जनाले परीक्षा दिएकोमा ६८ जना, सनराइज इङ्ग्लिस बोर्डिङ सेकेण्डरी स्कूलबाट ९ जना मध्ये ७ जना, सनराइज पब्लिक सेकेण्डरी स्कुलबाट १० जनामा १० जना नै र भिएस ऐकडेमीबाट ४ जनामा ४ जना नै उर्त्तिण भएका छन् । जिल्लाका सामुदायिक विद्यालयको समेत नतिजामा सुधार आएको छ । यहाँका दुई वटा सामुदायिक विद्यालयका ३ जना विद्यार्थीले चार जिपीए ल्याएका छन् । देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयबाट एक जना र रामतुलसी नमुना माध्यमिक विद्यालयबाट दुई जना विद्यार्थीले चार जिपिए ल्याएका हुन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## एसइई नतिजाले दिएको सन्देश

**२०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ६१ दशमल ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । गत वर्ष ग्रेडेड हुनेको संख्या ४८ प्रतिशत थियो । यस पटक एसइईमा नियमिततर्फ चार लाख ३८ हजार ८ सय ९६ परीक्षार्थी सहभागी भएका थिए, जसमध्ये दुई लाख ७१ हजार २९९ जना उत्तीर्ण भए । एक लाख ६७ हजार ५९७ जना अनुत्तीर्ण अर्थात् नन ग्रेडेडमा परेका छन् । अघिल्लो सालको तुलनामा यस वर्ष १३ दशमल ९५ प्रतिशतको उल्लेख्य वृद्धि हुनु समग्र शैक्षिक क्षेत्रकै लागि सकारात्मक सन्देश हो । गत वर्ष ४७ दशमल ८६ प्रतिशतमा सीमित रहेको उत्तीर्ण दर यस पटक ६१ दशमलव ८१ प्रतिशत पुगेको छ । यसले के प्रष्ट हुन्छ भने गत वर्षको तुलनामा यस वर्षको नतिजामा उल्लेख्य सुधार देखिएको छ । यस पटकको नतिजाले विद्यालय शिक्षासँग सरोकार राख्ने धेरैलाई उत्साह जगाइदिएको छ । नतिजामा देखिएको उत्साहजनक सफलताले विद्यार्थी, शिक्षक, अभिभावकलाई हर्षित र गौरवान्वित तुल्याएको छ । यो सफलताले शिक्षा क्षेत्रमा गरिएको लगानी, मेहनत र समर्पणले सार्थकता पाउन थालेकोतर्फ सङ्केत गरेको छ । यो सफलतालाई कुनै एक पक्षको मात्र नभई सबैको सामूहिक प्रयासको प्रतिफलका रुपमा बुझ्नु पर्छ ।**

**गत वर्षको नतिजामा आधाभन्दा बढी परीक्षार्थी अनुत्तीर्ण भएपछि सरोकारवाला सबैको ध्यान यस पटकको नतिजा सुधार गर्नुपर्छ भन्नेतर्फ केन्द्रित भएको थियो । उक्त घटनाबाट पाठ सिकेर शिक्षण सिकाइ क्रियाकलापमा व्यापक सुधार गरिएको थियो । तर एसइईमा उच्च अङ्कका साथ परीक्षार्थी उत्तीर्ण भए भन्दैमा चित्त बुझाएर बस्ने अवस्था भने छैन । किनभने अहिले पनि कक्षा १२ उत्तीर्ण हुनेबित्तिकै स्वदेशमा सम्भावना नदेखेर बिदेसिने विद्यार्थी संख्यामा हरेक वर्ष वृद्धि भइरहेको छ । यो अत्यन्त दुखद् हो । विद्यार्थीलाई उच्च अङ्कका साथ उत्तीर्ण गराएर मात्र हुँदैन उनीहरुलाई स्वदेशमै बसेर सिपमूलक र व्यवहारिक शिक्षा प्रदान गर्न सके अहिले आएको नतिजाको सार्थकता रहन्छ ।**

### Opinion @ Social Network

घाम जस्तै बनाउनु छ जिन्दगी आज हराए पनि
भोलि फेरि नयाँ किरणको साथमा उदाउन सकु।

(*माया सारुकोफेसबुक स्टाटसबाट* *https://www.facebook.com/saru.maya2646*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषिमा बैंकहरूको लगानी : अर्थतन्त्रलाई टेवा



**रिसव गौतम**

*यसले आयातलाई धान्न सहयोग गर्दछ । जस्तो कि चालु आर्थिक वर्षको १० महिनामा रेमिट्यान्स १३.२ प्रतिशतले वृद्धि भई १३ खर्ब ५६ अर्ब ६१ करोड पुगेको छ । सोही अवधिमा शोधानान्तर स्थिति ४ खर्ब ३८ अर्ब ५२ करोडले बचतमा छ । जुन चाहिँ देशबाट बाहिरिने र देशमा भित्रिने रकमको अन्तर हो । जुन निरन्तर बचतमा गइरहेको छ । त्यसले पनि अर्थतन्त्रमा सुधारको संकेत गर्छ । त्यसैगरी, विदेशी मुद्राको सञ्चिति २५ खर्ब १२ अर्ब पुगेर ऐतिहासिक रेकर्ड बनाएको छ । जसले देशलाई लामो समय आयात धान्न सक्ने सामर्थ्य बनाएको छ । त्यसैगरी, नेरा बैंकको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को १० महिनामा ७२ प्रतिशतले निर्यात बढेको छ ।*

*कुनै पनि देशको अर्थतन्त्रको लागि निर्यात व्यापार बढ्नु सुखद सन्देश हो । यद्यपि, वस्तु तथा सेवाको आयात अहिले पनि घट्न सकेको छैन । खासगरी मुलुकमा कृषिजन्य, वनस्पतिजन्य, पशुजन्य वस्तुकै आयातमा बढ्न थालेको छ ।*

केही वर्षयता नेपाली अर्थतन्त्र गतिशील छैन । करिब मन्दीको डिलमा पुगेर केही सुधारिएको अर्थतन्त्रको आन्तरिक अवस्था अहिले पनि अत्यन्त कमजोर छ । उपभोक्ता माग बढ्न सकेको छैन । बैंक तथा वित्तीय क्षेत्रमा ६ खर्बभन्दा बढी लगानीयोग्य रकम (तरलता) थुप्रिएको छ । उत्पादन, रोजगारी, व्यापार बढ्न सकेको छैन । तर, पनि केही महिनायता अर्थतन्त्र सुधारिँदै गएको तथ्यांकहरूले देखाइरहेको छ । अर्थतन्त्रको बाफय पक्ष सुधारिएको छ । रेमिट्यान्सको आप्रवाह बर्सेनि बढिरहेको छ । निर्यात पनि धिमा गतिमै भए पनि बढ्न थालेको छ । शोधानान्तर स्थिति बचतमा छ । निदेशी विनिमय सञ्चिति बढेको बढ्यै छ ।

यसले आयातलाई धान्न सहयोग गर्दछ । जस्तो कि चालु आर्थिक वर्षको १० महिनामा रेमिट्यान्स १३.२ प्रतिशतले वृद्धि भई १३ खर्ब ५६ अर्ब ६१ करोड पुगेको छ । सोही अवधिमा शोधानान्तर स्थिति ४ खर्ब ३८ अर्ब ५२ करोडले बचतमा छ । जुन चाहिँ देशबाट बाहिरिने र देशमा भित्रिने रकमको अन्तर हो । जुन निरन्तर बचतमा गइरहेको छ । त्यसले पनि अर्थतन्त्रमा सुधारको संकेत गर्छ । त्यसैगरी, विदेशी मुद्राको सञ्चिति २५ खर्ब १२ अर्ब पुगेर ऐतिहासिक रेकर्ड बनाएको छ । जसले देशलाई लामो समय आयात धान्न सक्ने सामर्थ्य बनाएको छ । त्यसैगरी, नेरा बैंकको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को १० महिनामा ७२ प्रतिशतले निर्यात बढेको छ ।

कुनै पनि देशको अर्थतन्त्रको लागि निर्यात व्यापार बढ्नु सुखद सन्देश हो । यद्यपि, वस्तु तथा सेवाको आयात अहिले पनि घट्न सकेको छैन । खासगरी मुलुकमा कृषिजन्य, वनस्पतिजन्य, पशुजन्य वस्तुकै आयातमा बढ्न थालेको छ । कृषिप्रधान मुलुक हुँदा पनि कृषिजन्य वस्तुको आयात बर्सेनि बढ्नुले त्यस क्षेत्रको उत्पादन बढ्न नसक्नु वा बरु घटेर जानुलाई बुझिन्छ । खास गरी युवाहरूको विदेश पलायनको असर कृषि क्षेत्रमै बढीजसो परिरहेको छ । त्यसकारण पनि कृषिमा वित्तीय क्षेत्रको लागनी बढ्नुपर्ने आवश्यकता छ । किनभने कृषिजन्य वस्तुको मुलुकमा माग ज्यादा छ । माग ज्यादा भएको क्षेत्रमा वित्तीय क्षेत्रको लगानी पनि सुरक्षित हुन्छ । बरु कृषिजन्य उत्पादनहरूलाई कसरी बजारसम्म छिटो पुऱ्याउने र बजारको सञ्जाल विस्तार गर्ने भन्नेमा उपायहरू विकसित हुनुपर्छ । युवाहरूलाई कसरी स्मार्ट शैलीमा कृषि क्षेत्रमा लगानी, कसरी स्मार्ट कृषि उद्यमी बनाउने भनेर राज्य लाग्नुपर्छ । बैंकहरूले पनि त्यस क्षेत्रमा उद्यमीहरू जन्माउने हिसाबले विभिन्न रणनीतिहरूमा काम गर्न सक्छन् । जस्तो कि नबिल बैंकले उद्यमीहरू जन्माउने हिसाबले तालिम तथा क्षमता अभिवृद्धिको सानो सानो पहल गरिरहेको देखिन्छ । राष्ट्रिय वाणिज्य बैंकले राष्ट्रिय युवा परिषद्सँगको सहकार्यमा उद्यमशीलताका तालिमहरू दिँदै आएको देखिन्छ । त्यस्ता कार्यक्रमहरू कृषि क्षेत्र लक्षित र अलिक प्रभावकारी हिसाबले आउनु जरुरी छ । जसले कि युवाहरू कृषि क्षेत्रतर्फ आकर्षित हुन् । त्यसो हुँदा कृषि क्षेत्रमा पनि नयाँ नयाँ उद्यमीहरू जन्मन सक्छन् र त्यसले बैंकहरूकै निक्षेप र कर्जा प्रवाहमा सघाउने हो । नाफा सघाउने हो । तर, हिजोआज पनि धेरैले नेपालका बैंकहरू उत्पादनमुखी क्षेत्रमा लगानी गर्दैनन् भनेर टिप्पणी गर्दै आएका छन् । नयाँ गभर्नर विश्वनाथ पौडेलले पनि कृषिमा बैंकहरूको लगानी अपुग भएको कुरा बताइसकेका छन् । यद्यपि, नयाँ मौद्रिक नीति कस्तो आउँछ ? त हेर्नै बाँकी छ तर गभर्नर कृषि क्षेत्रको विकास एवं विस्तार गर्नुपर्ने र यस क्षेत्रमा नयाँ उद्यमीहरू जन्माउनु पर्नेमा सहमत देखिन्छन् ।

नेपाल राष्ट्र बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा सीमा तोकेरै बैंक तथा वित्तीय क्षेत्रलाई लगानी गर्न भन्दै आएको छ । राष्ट्र बैंकले उत्पादनमूलक क्षेत्रमा कर्जा लगानी बढाउनका लागि क्षेत्रगत रूपमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । तर, वित्तीय क्षेत्रले त्यसलाई प्रभावकारी कार्यान्वयन भने गर्न सकेका छैनन् । ४० प्रतिशत निर्देशित क्षेत्रमा कर्जा प्रवाह हुनुपर्नेमा हालसम्म ३३ प्रतिशत मात्र भएको राष्ट्र बैंकको तथ्यांक रहेको छ । बैंकहरूले २०८२ जेठसम्ममा १४ प्रतिशत कर्जा कृषि क्षेत्रमा लगाएका छन् । तथ्यांकमा हेर्दा त्यो आशलाग्दो भए पनि आवश्यक अनुगमनको अभावले कृषि क्षेत्रमा गएको भनिएको लगानीको ठूलो हिस्सा अन्यन्त्र गएको छ । अन्यथा कृषिमा देश त्यत्रो परनिर्भर हुनुपर्ने थिएन । त्यसकारण कृषिमा बैंकहरूले वास्तविक हिसाबले लगानी बढाउनुपऱ्यो । कृषिमा गएको भनिएको कर्जा कृषि उत्पादनकै लागि खर्ब भयो वा भएन त्यसको उचित अनुगमन जरुरी छ । फेरि कृषिमा ब्याज अनुदानको कारण पनि सीमित ठूलाहरूको पोल्टामा त्यस्तो ऋण रकम जाने गरेको कुरा पनि बाहिर आइसकेको छ । त्यसले गर्दा कृषि क्षेत्रमा प्रभावकारी लगानीका लागि स्मार्ट युवा पुस्तालाई तयार गर्नुपर्छ । उनीहरूलाई वित्तीय व्यवस्थापनदेखि सीप क्षमता, उद्यमशीलता सिकाउने कुरामा सरकारले मात्र होइन । वित्तीय क्षेत्रले पनि भूमिका खेल्न सक्छन् । त्यसो गर्न सकिँदा सरकारले दिने सहुलियत, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूले दिने कर्जा, ब्याजमा पाइने अनुदानलगायत यावत सुविधाहरू वास्तविक कृषि उद्यमीले पाउँछन् । जसले कृषि आयात घटाउन सहयोग पुग्दछ ।

स्वदेशमै हुने उत्पादनले देशलाई आत्मनिर्भर बनाउन सक्छ । फलस्वरूप देशमा हुने वार्षिक चार खर्बको कृषि आयात हटाउन सकिँदा भित्र्याइने रेमिट्यान्स र निर्यात व्यापारमार्फत हुने आम्दानीले देशको अर्थतन्त्रलाई ठूलो टेवा दिन्छ । त्यसकारण आत्मनिर्भर अर्थतन्त्रलाई मात्र होइन देशको अर्थतन्त्रलाई गतिशील, समृद्ध र निरोगी जनता बनाउन स्वदेशी कृषि क्षेत्र फाष्टाउनु पर्छ । त्यसका लागि बैंक तथा वित्तीय संस्थाहरूको वास्तविक हिसाबको कर्जा लगानी कृषि क्षेत्रमा हुनुपर्छ । अहिलेको तरलता चुलिएको अवस्था बैंकहरूलाई कृषि क्षेत्रमा लगानी बढाउने अवसर पनि छ । त्यसलाई उनीहरूले क्यास गरेर अघि बढ्नुर्पछ ।

नेपालमा अहिले पनि ५२ प्रतिशत जनता कृषि पेशामा नै आश्रित छन् । कुल गार्हस्थ उत्पादनमा २३/२४ प्रतिशत योगदान अहिले पनि कृषि क्षेत्रले नै गर्छ । यद्यपि, कृषिको अर्थतन्त्रमा योगदान निरन्तर घट्दो छ तर आर्थिक समृद्धिको बलियो आधार तयार गर्ने हो भने कृषिको उत्पादनलाई बढाउनुको विकल्प छैन । त्यसका लागि बहुआयामिक विकल्पहरूमा अघि बढ्नुपर्छ । अनेक प्रयत्नहरू हुनुपर्छ । जसरी हुन्छ कृषिमा युवाहरूलाई आकर्षित गरेर रोजगारी लगायतका समस्याहरू पनि एकसाथ हल गर्ने नीतिमा राज्य अघि बढ्नुपर्छ । कृषि उत्पादन बढाउन सके आत्मनिर्भरताकै लागि पनि नेपालीहरूलाई वार्षिक साढे ४ खर्बको कृषिजन्य वस्तुको आवश्यकता अहिले नै छ ।

त्यस कारण बैंकहरूले कत्ति पनि लगानी नडुब्ने कृषि जस्तो सम्भावनाको क्षेत्रमा अझै उत्साहका साथ लगानी बढाउनु बुद्धिमानी हुन्छ । कृषिमा हुने लगानीले आयातलाई घटाएर अर्थतन्त्रलाई नै बलियो बनाउँछ । बलियो अर्थतन्त्रको सबैभन्दा फाइदा बैंक वित्तीय क्षेत्रले नै पाउने हो । त्यस कारण उत्पादनमुखी बनाउन सक्दा, निर्यात बढाउन सक्दा, रोजगारीमा अभिवृद्धि गर्नसक्दा त्यसको प्रत्यक्ष-अप्रत्यक्ष लाभ बैंक तथा वित्तीय संस्थाहरूले नै पाउँछन् । उनीहरूले बिजनेस पाउँछन् निक्षेप बढाउन सक्छन् । बैंकिङ कारोबारको दायरा र नाफा नै बढोत्तरी हुनेछन् तर बैंकहरूले त्यसरी कहाँ सोच्छन् र ? अहिले त हप्ता, महिना वा वर्ष-वर्षका टार्गेट छन् बैंकहरूको नाफा बढाउने । जसरी हुन्छ नाफा मात्रै बढाउने अस्वस्थ्य प्रतिस्पर्धामा बैंकहरू छन् । बैंकहरूको नाफामुखी चरित्रलाई राष्ट्र बैंकले विस्तारै बदल्दै त । त्यसलाई मौद्रिक नीतिमार्फत थप प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रित गर्नुपर्छ । जसले अर्थतन्त्रको विकास एवं विस्तारमा र यसको दिगोपनामा सहयोग पुग्दछ ।

***(गौतम आर्थिक लेखक तथा विश्लेषक हुन् ।)***

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वादविवादको सम्भावना रहेको छ। इष्टमित्रहरूको साथ र सहयोग मिल्नेछ। | **तुला** : धर्म कर्ममा रुचि बढ्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। |
| **वृष** : नयाँ कार्यप्रति जिम्मेवारी बढ्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। | **वृश्चिक** : कार्यको प्रशंसा हुनेछ। दाम्पत्य जीवन र प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **मिथुन** : मेहनतको फल प्राप्त हुनेछ । धन र विद्या आर्जन गर्न सकिनेछ । | **धनु** : आयआर्जनका नयाँ स्रोतहरू निर्माण हुनेछन्। आर्थिक पक्ष सबल रहनेछ । |
| **कर्कट** : कार्यक्षेत्रमा नयाँ अवसरहरू आउनेछ । स्वास्थ्यमा ध्यान दिनुहोला । | **मकर** : व्यापारमा लाभ रहनेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ । |
| **सिंह** : साथीसँग भेटघाटले मन उत्साहित रहनेछ। अरुको लागि श्रम खर्च गर्नुपर्ला। | **कुम्भ** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। व्यवसायमा मनग्य लाभ प्राप्त हुनेछ। |
| **कन्या** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर ध्यान दिनुहोस्। | **मीन** : बोलिको प्रभावले अँटिका कार्य सिद्ध गर्न सकिनेछ। आयस्रोत सबल रहनेछ। |

## शिक्षा

# शान्ति माविको १८ विद्यार्थी ४ जीपीए ल्याउन सफल

रुपन्देहीको तिलोत्तमामा रहेको सामुदायिक स्कुल शान्ति नमुना माध्यमिक विद्यालयका १८ जना विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (एसईई)मा ४ जीपीए प्राप्त गरेका छन् । विद्यालयबाट ६०९ जना विद्यार्थी परीक्षामा सहभागी थिए ।

सामुदायिक विद्यालयमा नमुना विद्यालयको रूपमा परिचित शान्ति माविका सर्वदा विश्वकर्मा, मोहम्मद रेहान खान, सरिता यादव, सेवा रेग्मी, स्वप्निल गैह्रे, सेलिना लामा, सौगात पाण्डे, सुसन पङ्गेनी, अनिल ज्ञवाली, अप्सन पौडेल, सृजन घिमिरे, शिशिर सुसाल, शिवानी डुम्रे, सुशान्त अर्याल, आशिष पाण्डे, अनिश भुसाल, सन्देश न्यौपाने र किस्मत थापाले ४ जीपीए ल्याएको विद्यालयले जनाएको छ ।

त्यस्तै, २२ जनाले ३.९६ देखि ३.९९ जीपीए ल्याएका छन् । ३.९ देखि ३.९५ ल्याउने १४, ३.६ देखि ३.८९ सम्म ल्याउने १७१, ३.२ देखि ३.५९ सम्म ल्याउने २०९, २.८० देखि ३.१९ ल्याउने ११२ र २.४० देखि २.७९ जीपीए ल्याउने १४ जना विद्यार्थी रहेका छन् । शान्ति नमुना माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष शरद भट्टराईले सामुदायिक विद्यालय तर्फ



शान्ति नमुनाको यो नतिजा सम्भवत: नेपालकै सर्वोत्कृष्ट रहेको बताए । उनले विद्यालयले साधन स्रोत र अभिभावकको पनि साथ कारणले आज राम्रो नजिता ल्याउन सफल भएको बताए ।

विद्यालयका प्रधानाध्यापक कुलप्रसाद लामिछानेले विद्यार्थीहरूलाई पाठ्यक्रम केन्द्रित अध्यापन, पटक-पटक विद्यालयमा आन्तरिक परीक्षा र कमजोर भएकालाई माथि ल्याउनको समस्या परिचाहन गरी समाधानको प्रयास गरेकोले यो सफलता मिलेको रातोपाटीलाई बताए । उनले यसमा विद्यार्थी, शिक्षक र अभिभावक सबै सहयोग रहेको बताए । शान्ति नमुनामा ५ हजार विद्यार्थी अध्ययनरत छन् ।

रुपन्देही रहेको न्यु होराइजन स्कुल, बुटवलबाट ११ जना, अक्सफोर्ड मावि बुटवलबाट १० जना, कालिका मानव ज्ञान माविबाट ७ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् ।

नवीन औद्योगिक मावि बुटवलबाट १ जना, कान्ती माविबाट १, नयाँ गाउँ मावि बुटवलबाट ३ जना, न्यु लुम्बिनी स्कुल देव दहबाट ४ जना, सैनामैना नमुना माविबाट ४ जना, दीप बोर्डिङ स्कुल बुटवल, तिनाउ इङलिश बोर्डिङ स्कुल बुटवल, गार्गी एकेडेमी बुटवल, प्रभात इङ्लिस बोर्डिङ स्कुल सैन मैनाबाट २/२ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन् ।

*-रातोपाटी डटकम*

# पाल्पामा 'होटल म्यानेजमेन्ट' विषयको पठनपाठन हुने

**रामपुर (पाल्पा),** जिल्लाका सामुदायिक विद्यालयमा पहिलोपटक व्यवस्थापन सङ्कायअन्तर्गत होटल म्यानेजमेन्ट विषयको पठनपाठन सुरु हुने भएको छ । रामपुर नगरपालिका-५ स्थित रामतुलसी नमूना माध्यमिक विद्यालयले नयाँ विषयका रूपमा होटल म्यानेजमेन्टको पठनपाठन सञ्चालन गर्न लागेको हो ।

कालीगण्डकीबेँसीका विद्यार्थीलाई मध्यनजर गर्दै कक्षा ११ र १२ मा व्यवस्थापन सङ्कायअन्तर्गत होटल म्यानेजमेन्ट विषय सुरुवात गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विशाल श्रेष्ठले जानकारी दिए । "नयाँ विषयका लागि आवश्यक पर्ने पूर्वाधार तयारी अवस्थामा छन् । प्रयोगशाला कक्ष तयार पार्न उपकरण व्यवस्थापन गरिरहेका छौँ । प्रयोगशाला व्यवस्थापनमा करिब रु ३० लाख रकम लाग्ने अनुमान छ, विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गर्नेछौँ", उनले भने । शैक्षिक क्षेत्रमा नयाँ इँट्टा थप्ने विद्यालयको योजना र यो क्षेत्रमा होटल म्यानेजमेन्ट पढ्ने विद्यार्थीको माग बढिरहेकाले नयाँ विषय सञ्चालनको तयारीमा विद्यालय लागेको प्रधानाध्यापक बालकृष्ण लम्सालले बताए । उनले भने, "धेरै खर्चिलो नहुने भएकाले विद्यार्थीले आफ्नै गाउँठाउँमा नयाँ विषय पढ्न पाउनेछन्, उच्च शिक्षा सकेर विद्यार्थी बाहिर जाने भएकाले होटल म्यानेजमेन्ट विषय पढाइमा अन्यत्र लगानी गर्न नपर्ने योजनासहित स्थानीयस्तरमा कक्षा सञ्चालनको तयारी गरेका हौँ । यसले विद्यार्थी र अभिभावकलाई सजिलो हुने अपेक्षा गरेका छौँ ।" यसवर्ष ३० देखि ४० जना विद्यार्थीलाई कक्षा ११ मा भर्ना गर्ने विद्यालयको लक्ष्य रहेको प्रअ लम्सालले जानकारी दिए । उनले आवश्यक परेमा विद्यालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) सँग समन्वय गरेर स्नातक तहसम्मको कक्षा सञ्चालन गर्न सकिने धारणा राखे । विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान, शिक्षा र व्यवस्थापन



सङ्कायका साथै तीन वर्षे कृषिबाली विज्ञानको पठनपाठन भइरहेको छ । विद्यालयमा हाल दुई हजार ७०० बढी विद्यार्थी अध्ययनरत छन् ।

**रामघाटमा ज्येष्ठ नागरिक स्कुल सञ्चालनको तयारी**

ज्येष्ठ नागरिकलाई लक्षित गर्दै रामघाटमा ज्येष्ठ नागरिक स्कुल सञ्चालनको तयारी भइरहेको छ । रामपुर नगरपालिका-५ स्थित कालीगण्डकी नदीको तटहमा रहेको रामघाटमा ज्येष्ठ नागरिक स्कुल सञ्चालनका लागि आवश्यक संरचना तयार पारिएको हो । लक्ष्मीनारायण गुठी सञ्चालन समिति मातहतमा रामपुर नगरपालिकाको सहयोगमा आगामी आर्थिक वर्षदेखि स्कुल सञ्चालन गर्ने योजनाअनुसार सबै तयारी थालिएको लक्ष्मीनारायण गुठी सञ्चालन समितिका अध्यक्ष बुद्धिप्रकाश रेग्मीले बताए । "रामघाटधाम एउटा धार्मिक तथा पर्यटकीय क्षेत्र भएकाले यहाँ ज्येष्ठ नागरिक पनि आउन्छन् । नगरपालिकाले आवतजावतका लागि बस ल्याइसकेको छ, नयाँ आर्थिक वर्षदेखि स्कुल सञ्चालन हुनेछ । समय बिताउने माध्यम मात्र नभई धार्मिक क्रियाकलापमा पनि दिनभर सक्रिय रहँदा मन प्रसन्न हुनेछ", उनले भने । उक्त स्कुलमा ६० वर्षदेखि माथिका ज्येष्ठ नागरिकलाई समावेश गरिनेछ । नगरपालिकाका १० वटै वडामा बसोबास गर्ने ज्येष्ठ नागरिकलाई दैनिक रामघाटसम्म आवतजावत गर्न यातायात सेवा, स्कुलमा रहँदा खाने, बस्नेलगायत आवश्यक सेवासुविधा नगरपालिकाले व्यहोर्ने नगरप्रमुख रमणबहादुर थापाले जानकारी दिए । "बिहान १० बजेदेखि ज्येष्ठ नागरिकलाई ल्याउने र साँझ आरती सकेर घरघरमा पुन:पुर्‍याइनेछ, यसको सबै प्रबन्ध नगरले गर्नेछ । ज्येष्ठ नागरिकलाई खुशीसँग दिन बिताउन नगरले स्कुल सञ्चालन गर्ने भएको हो । स्कुल सञ्चालनका लागि आवश्यक पूर्वाधार, सामग्री तयारी अवस्थामा रहेकाले यथाशीघ्र कक्षा सञ्चालन हुनेछ", नगरप्रमुख थापाले भने । ज्येष्ठ नागरिक स्कुलमा धार्मिक कक्षा, मनोसामाजिक परामर्श कक्षा र मनोरञ्जन कक्षा सञ्चालन गरिने छन् भने नियमित स्वास्थ्य परीक्षण हुनेछ । हाललाई सातवटा कोठा कक्षा सञ्चालनका लागि प्रयोग गर्न मिल्ने खालका रहेका उहाँको भनाइ छ । नगर आगामी आर्थिक वर्ष २०८२/८३ को नीति कार्यक्रममा ज्येष्ठ नागरिक स्कुललाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन धार्मिक ग्रन्थसहितको पुस्तकालय, प्रवचन, अन्तरपुस्ता सीप हस्तान्तरण, वाद्यवादन सामग्री, ज्येष्ठ नागरिक सम्मान, दिवा खाजा व्यवस्था, दैनिक स्वास्थ्य परीक्षणलगायत कार्यक्रम सञ्चालन गरिने नगरप्रमुख थापाले जानकारी दिए । रामघाटसम्म पुग्ने सडकमार्ग स्तरोन्नति, आवश्यक भौतिक संरचना निर्माण भएपछि पर्यटकीय पूर्वाधार विकासले यहाँ आउने आगन्तुकको संख्या बढ्दै गएको हो । यहाँ रामनवमी, कृष्ण जन्माष्टमीलगायत विभिन्न पर्वमा धार्मिक मेला लाग्ने गर्दछ । धामको रेखदेख, मन्दिरमा दैनिक पूजापाठका लागि दुई जना पूजारी व्यवस्था गरिएको छ ।

*-रासस*

# रित्ता कक्षाकोठा रुँगेर बस्दै गाउँका शिक्षकहरू

विद्यार्थी नभएपछि बेनी नगरपालिका-५ माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय शैक्षिक सत्र २०८२ देखि बन्द भए ।

शैक्षिक सत्र २०८० मा एक सय दुई र २०८१ मा ७२ जना विद्यार्थी रहेको विसं २०१५ मा स्थापना भएको भानु माविमा पछिल्लो केही वर्षयता विद्यार्थी संख्या निरन्तर घट्दो छ । कक्षा १२ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ रत्नेचौरको भानु माविमा कक्षा ११ र बालकक्षासहित शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्या ४८ जना छ । प्रधानाध्यापक दिनेश बोगटीका अनुसार कक्षा १ र ३ मा विद्यार्थी संख्या शून्य छ ।

कक्षा ४ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ लामगरामा रहेको युवावर्ष आधारभूत विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिक सत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको संख्या शून्य छ । चार शिक्षक र कर्मचारी भएको उक्त विद्यालयको बाल कक्षामा चार र कक्षा १ मा तीन जना विद्यार्थी छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाका अनुसार २०४१ सालमा स्थापना भएको युवावर्ष आधारभूतमा दशक अघिसम्म एक सय जनासम्म विद्यार्थी हुन्थे । बेनी नगरपालिका-२ खबराको हंशबाहिनी आधारभूत विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको संख्या बराबर छ । दुई जना दरबन्दीका शिक्षक, एक-एक जना बाल विकास सहयोगी र कार्यालय सहयोगी रहेको विद्यालयमा विद्यार्थी संख्या चार छ । कक्षा ३ सम्म पठनपाठनको अनुमति पाएको विद्यालयको कक्षा २ मा एक जना पनि विद्यार्थी छैनन् ।

बाल कक्षामा दुई, कक्षा १ र ३ मा एक-एक जना विद्यार्थी छन् । प्रअ सरस्वती नेपालीका अनुसार २०८० सालसम्म ७ कक्षासम्मको पठनपाठन भएको विद्यालयमा विद्यार्थी संख्या ५१ जना थियो । गत शैक्षिक सत्र २०८१ को सुरुमा २२ विद्यार्थी भएको विद्यालयमा बर्खे बिदापछि ११ जनाले विद्यालय परिवर्तन गरे । भानु मावि, युवावर्ष, हंशबाहिनी, जगन्नाथ र ओखले आधारभूत विद्यार्थी अभावको समस्या झेलिरहेका बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका विद्यालयका उदाहरण हुन् । सुविधायुक्त भवन, दरबन्दीअनुसार स्थायी शिक्षक, विज्ञान, कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएका सदरमुकाम बेनी बजार आसपासका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बर्सेनि घट्दो छ । जन्मदर घट्नु, बसाइँसराइ बढ्नु, सडक यातायातको सुविधासँगै निजी विद्यालयले गाउँगाउँमा गाडी पठाएर विद्यार्थी ओसार्नु, सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसक्नु, निजी विद्यालय र अंग्रेजी माध्यमप्रतिको मोह, सामुदायिक विद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, शिक्षक जिम्मेवार नबन्नु र अगुवा तथा समाजको बेवास्ताका कारण सामुदायिक विद्यालय विद्यार्थीविहीन हुने अवस्था आएको बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव क्षेत्रबहादुर भण्डारीले बताए । बेनी नगरपालिकामा ११ वटा संस्थागत र ५३ वटा सामुदायिक विद्यालय छन् । शैक्षिक अभिलेख प्रणालीको तथ्याङ्कअनुसार बेनीका विद्यालयमा पछिल्लो तीन वर्षयता भर्ना हुने विद्यार्थीको संख्या घट्दो छ । शैक्षिक सत्र २०८० मा १० हजार ८२५ विद्यार्थी रहेकामा शैक्षिक सत्र २०८१ मा यो संख्या घटेर १० हजार ५५० मा झर्‍यो । शैक्षिक सत्र सुरु भएको करिब तीन महिनामा बेनीका विद्यालयमा भर्ना हुने विद्यार्थीको संख्या सात हजार ८२८



रहेको बेनी नगरपालिकाको शिक्षा अधिकृत कमल ढकालले बताउनुभयो । बाल कक्षामा ससाना उमेरका बालबालिकालाई अक्षर चिनाउन र बानी पार्न ल्याउने अभिभावकले अक्षर चिन्न थालेपछि निजी विद्यालय र अन्यत्र लैजाने गरेको गुनासो शिक्षकहरूले गरेका छन् ।

"दु:ख गरेर अक्षर चिन्ने बनाएपछि अभिभावकले निजी विद्यालय र अन्यत्र बच्चा लगिदिँदा मन खिन्न हुन्छ", भानु माविका प्रअ दिनेश बोगटीले भने, "सामुदायिक विद्यालय पढ्ने अधिकांश विपन्न र दलित समुदायका छन् ।" उक्त विद्यालय बेनी नगरपालिकाको सबैभन्दा थोरै विद्यार्थी भएको मावि हो । जहाँ हाल दलित समुदायका १९, ब्राह्मण क्षेत्रीका आठ र जनजातिका ११ विद्यार्थी छन् । बेनी नगरपालिकामा रहेका अन्य सामुदायिक विद्यालयको जातिगत विद्यार्थी संख्या भानु माविको जस्तै छ ।

सदरमुकाम बेनीबजारमा रहेको प्रकाश माविमा सबैभन्दा बढी सात सय ३२ जना विद्यार्थी छन् । त्यसपछिको बढी विद्यार्थी बेनी सामुदायिकमा छ सय ३७ जना छन् । बेनी नगरपालिका-९ गलेश्वरमा रहेको जडभरत संस्कृत मावि र वडा नं ५ भिरमुनिको पौलत्स्य मावि पनि एक सय जनाभन्दा कम विद्यार्थी संख्या भएका माध्यमिक विद्यालय हुन् ।

जिल्लाभरका विद्यार्थीले पढ्ने प्रकाश र बेनी सामुदायिक माविको मावि तहको तुलनामा आधारभूत १-५ तहमा विद्यार्थी संख्या कम छ । कक्षा ७-८ सम्म निजी विद्यालय पढाउने र ९-१० पढाउन सामुदायिकमा ल्याउने चलन रहेको प्रकाश माविका प्रअ लेखबहादुर हमालको भनाइ छ । अंग्रेजी माध्यमबाट पठनपाठन गराउने, विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकसँग निरन्तर अन्तरक्रिया गर्ने, पोसाक, सरकारले दिनेबाहेक पनि विभिन्न विधामा छात्रवृत्ति, पोसाक उपलब्ध गराएर आकर्षित गर्ने प्रयास गरेका सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न र निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सकेका छैनन् ।

सामुदायिक विद्यालयका सुविधायुक्त कक्षाकोठा खाली छन् । खेलमैदान सुनसान छन् । शिक्षकहरूले रित्ता कक्षाकोठा रुँगेर बसेका छन् । बेनी नगर कार्यपालिकाअन्तर्गत सामाजिक विकास समितिका संयोजकसमेत रहेका वडा नं ९ का अध्यक्ष चक्र केसीले समुदाय, अभिभावक र विद्यालयबिचको बढ्दो दूरी नै सामुदायिक विद्यालयको शैक्षिक सुधारको चुनौती बनेको बताए । "शिक्षकहरूलाई जिम्मेवार बनाउन यस वर्षदेखि १६ वटै माविमा विद्युतीय हाजिरी सुरु गरेका छौँ", उनले भने, "जनप्रतिनिधि, सरकारी सुविधा लिने कर्मचारी र शिक्षकहरूका छोराछोरी सामुदायिक विद्यालयमा पढाउने गत वर्ष कार्यपालिकाले गरेको निर्णय आंशिक मात्र कार्यान्वयन भएको छ ।" उक्त निर्णयपछि बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले न्यूवेष्ट प्वाइन्ट आवासीय माविमा पढ्दै आएकी छोरी प्रशन्ना पौडेललाई बेनी सामुदायिकमा भर्ना गरेका थिए ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसी घट्दो जनसंख्या वृद्धिदर र बढ्दो बसाइँसराइको दरसँगै सामुदायिक विद्यालयको तह समायोजन, शिक्षक व्यवस्थापनको काम थालिएको बताए ।

"स्तरीय यातायातको सुविधासँगै कक्षा ११, १२ पढ्नका लागि गाउँबाट सदरमुकाम बेनीका विद्यालयमा आउने विद्यार्थी पोखरा-काठमाडौँ जान थालेका छन्", उनले भने, "शैक्षिक सत्रको सुरुमा भएको शिक्षक आन्दोलनका कारण कतिपय अभिभावकले बेनी बाहिर आफ्ना बालबालिका लैजाँदा विद्यार्थी संख्या घटेको हो ।"

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाएर विद्यार्थीलाई आकर्षित गर्नु र समाज तथा अभिभावकको विश्वास जित्नुको विकल्प नरहेको नगरप्रमुख केसीले बताए । तहगत रूपमा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षकलाई पुरस्कृत गर्नेदेखि माध्यमिक तहका विद्यार्थीलाई व्यावहारिक सीप सिकाउन 'हामी सक्छौँ, हामी गर्छौं' मार्फत विभिन्न तालिम सञ्चालन गरिएको उनले बताए ।

कक्षा सञ्चालनका लागि आवश्यक विद्यार्थी संख्या नपुगेपछि शैक्षिक सत्र २०७९ मा ११ र २०८० मा सात वटा विद्यालयको तह समायोजन (कक्षा घटुवा) गरिएको थियो । तह समायोजन भएका विद्यालयका शिक्षकलाई बढी विद्यार्थी संख्या भएको नजिकको विद्यालयमा व्यवस्थापन गरिएको छ ।


विद्यार्थी संख्या बढेपछि विद्यालय पुन: स्थापना र शिक्षक व्यवस्थापन गर्ने नीति लिएको नगरप्रमुख केसीले बताए । गत वर्ष तह घटुवा भएको बेनी नगरपालिका-५ को सेतोढुङ्गा आधारभूत विद्यालयमा यो वर्ष विद्यार्थी संख्या बढेकाले शिक्षक थप गर्न लागिएको नगरपालिकाले जनाएको छ । सामुदायिक विद्यालयप्रति विश्वास र आकर्षण बढाउन शिक्षकलाई जिम्मेवार बनाउने, क्षमता विकास, प्रोत्साहन, शिक्षण विधिमा प्रविधिको प्रयोग र विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकमा जागरण ल्याउने, समुदाय र अभिभावकको सुझावका आधारमा शैक्षिक गतिविधि सञ्चालन गर्दै शैक्षिक गुणस्तर सुधार्न आवश्यक देखिन्छ । आवासीय विद्यालय सञ्चालन र विद्यालय समायोजन पनि थप विकल्प हुनसक्ने सरोकारवाला बताउँछन् । *-रासस*

# हार्दिक बधाई तथा शुभकामना


यस न्यू होराइजन इङ्लिस बोर्डिङ स्कूल, तानसेन, पाल्पाबाट माध्यामिक शिक्षा परीक्षा (एस.ई.इं) २०८१ सालमा सहभागी भई ४.० जि.पि.ए. सहित उत्कृष्ट नतिजा ल्याउन सफल सम्पूर्ण ७६ जना विद्यार्थीहरुलाई हार्दिक बधाई तथा समुज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।



NISCHAL BHANDARI (GPA 4.0) | KAMANA RANA (GPA 4.0) | DIYA KARKI (GPA 4.0)




PRANJAL PARAJULI (GPA 3.95) | SUPRIM RESHMI (GPA 3.92) | SUJITA MALLA (GPA 3.92) | ASMIT PANDEY (GPA 3.91) | SHRIJAL PANDEY (GPA 3.91) | KHUSHI SOMAI (GPA 3.87) | KUSHAL TIMILSINA (GPA 3.87) | PRANJAL BHANDARI (GPA 3.87) | AAYUSHKA RANA (GPA 3.83) | SHANTI BHUSAL (GPA 3.83) | SHIVA SHANKAR BASHYAL (GPA 3.83)




SUJAN GAIRE (GPA 3.83) | AASHISH SARU (GPA 3.79) | SHIKSHA BHUSAL (GPA 3.79) | ANUSHKA SUBEDI (GPA 3.76) | KAMANA SINJALI (GPA 3.76) | MOUSAMI SURYABAMSHI (GPA 3.75) | MAHIMA CHOHAN (GPA 3.74) | UNISH BAJRACHARYA (GPA 3.74) | ANJAL REGMI (GPA 3.73) | DIPAK KUMAR JAISWAL (GPA 3.68) | BARSHA THAPA (GPA 3.67)



MUKESH BUDHATHOKI (GPA 3.67) | KUSHAL PANDEY (GPA 3.65) | LOK MAYA ALE (GPA 3.61) | MANIKA SARU (GPA 3.61) | UNISHA KARKI (GPA 3.61) | SAMJHANA TIMILSENA (GPA 3.59) | RIYA NYOUPANE (GPA 3.57) | SAMEEP GHIMIRE (GPA 3.55) | GREESH PANDEY (GPA 3.54) | SUSHIL SUNAR (GPA 3.54) | SNEHA RANA (GPA 3.52)




DIBIYA BISHWOKARMA (GPA 3.51) | ANANDA GURUNG (GPA 3.49) | RABINA BHANDARI (GPA 3.49) | ANUSHA BASHYAL (GPA 3.48) | BIJAN ADAI MAGAR (GPA 3.48) | DISHTI BASNET (GPA 3.48) | ASHISH B.K. (GPA 3.46) | RONIK BHANDARI (GPA 3.46) | ARCHANA RAUT (GPA 3.45) | SANDESH PADE MAGAR (GPA 3.45) | SALINA RANA (GPA 3.44)



SUJAN BUDHATHOKI (GPA 3.44) | SUMAN BISHWOKARMA (GPA 3.43) | SNEHA NEUPANE (GPA 3.42) | SIDDHIMA THAPA (GPA 3.41) | SUBASH NEPALI (GPA 3.39) | GUNJAN BISTA (GPA 3.38) | SUSHMA GAHA (GPA 3.37) | KUSUM BARAL (GPA 3.35) | DIVYA BASHYAL (GPA 3.34) | DEEPIKA THAPA (GPA 3.31) | NICKSON NEUPANE (GPA 3.25)



ANUSA THAPA (GPA 3.24) | AYUSH DARLAMI (GPA 3.24) | SAPAN BHANDARI (GPA 3.21) | PRATIKSHA SOMAI (GPA 3.18) | SAURAV NEUPANE (GPA 3.17) | ASMITA RANA (GPA 3.16) | ASHISH POKHAREL (GPA 3.15) | MARIA BISTA (GPA 3.11) | RUSHIKA GAUCHAN (GPA 3.11) | ROSHIKA RANA (GPA 3.10) | ISHA BASHYAL (GPA 3.07)



KIRAN BHATTARAI (GPA 3.06) | PRABESH BOHARA (GPA 3.06) | MANISHA KAMMU MAGAR (GPA 3.04) | EJITA THAPA (GPA 2.96) | AYUSH RESHMI (GPA 2.93) | LOVESON THAPA (GPA 2.78) | CHANDANI CHITAURE MAGAR (GPA 2.71)

निर्मल प्रसाद लाकौल
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

डाँसुराम पन्त
प्राचार्य

एवम् विद्यालय परिवार

## न्यू होराइजन इङ्लिस बोर्डिङ स्कूल

तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com प्रा.जि.ह.द.नं. ५/२०७८/०७९, प्रा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई